# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७३।०६।१९)**

यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटार परिसरमा रहेको पुस्तकालय भवनको भुईं तल्लामा मर्मतसम्भारका काम गर्नुपर्ने भएकोले उपरोक्त व्यवसायमा संलग्न इच्छुक रजिष्टर्ड कम्पनी/फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को ४:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारको निर्माण फाँटबाट रु.५००।-(पाँच सय मात्र, पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को अपराह्न १२:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा सिलबन्दी गरी पेश गरिसक्नु पर्नेछ । पेश हुन आएका दरभाउपत्रहरु सोही दिन दिउँसो २:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

३. दरभाउपत्र फारामसाथ जमानत बापत रु.४५,०००।- यस बैंकको बैकिङ्ग कार्यालय, थापाथलीस्थित खाता नं.११०९९०१/०११.०००.५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारि गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

४. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

-सामान्य सेवा विभाग